# भोटखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हटिया,संखुवासभा
कोशी प्रदेश,नेपाल

## मिसनग्रास रुट विपन्न नागरिक आवास जस्तापाता सहयोग कार्यक्रम

### जस्तापाता खरिद तथा आपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः-२०८१/१०/२८

यस कार्यालयबाट सार्वजानिक खरिद ऐन २०६३ को दफा (४०) को उपदफा ३ तथा सार्वजनिक खरिद नियामावली को नियम ८४ वमोजिम प्रथमपटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र राजश्व रु.१०००।- जम्मा गरेको भौचर सहित निवेदन संलग्न राखी कार्यालय समयभित्र दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ ।दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व.२०८१/०८२ को नविकरण गरिएको कम्पनी वा फर्म दर्ता, आ.व.२०८०/०८१ को करचुक्ता,आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्रहरु,कालोसूची नपरेको,कुनै कानूनले अयोग्य नभएको लिखित घोषणापत्र र अन्य आवश्यक कागिजात सहित तपशिललका शर्तहरुको अधिनमा रहि निवेदन पेश गर्नु पर्नेछ ।

**तपशिलः**

१. दरभाउपत्र खरिद गर्न आउदा निवेदनका साथ आवश्यक प्रमाणित कागजातहरु संलग्न गर्नुपर्ने छ ।सूचना प्रकाशित भएको १५ औं दिन कार्यालय समयसम्म दरभाउपत्र फाराम बिक्रि हुनेछ ।१६औं दिनको १२.०० बजेभित्र बिक्रि भएका दरभाउपत्रहरु सोही दिनको २.०० बजेभित्र खोलिने छ ।सो दरभाउपत्रका साथ आफूले कबोल गरेको अंकको २.५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा ग्लोबल आई.एम्.ई.बैक भोटखोला शाखामा रहेको धरौटी भोटखोला खाता नं. १५००४०१००००००४ मा जम्मा गरेको सक्कल भौचर वा सो बरावरको मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ९० दिन म्याद भएको जमानत (विडबण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र खरिद गर्दा कार्यालयको आधिकारीक ब्यक्तिको दस्तखत,कार्यालयको छाप लागेको छ छैन हेरी खरिद गर्नुपर्नेछ ।दस्तखत तथा कार्यालयको छाप नभएको दरभाउपत्रको मान्यता हुने छैन ।प्रतिनिधिले दरभाउपत्र लिन आउँदा अनिवार्य रुपमा मन्जुरीनामा पत्र लिएर आउनु पर्नेछ ।

३. शिलबन्दी बिक्रि तथा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम गरिनेछ ।

४. शिलबन्दी दरभाउपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।केरमेट गरेको ठाउँमा दस्तखत र छाप रहेको हुनुपर्नेछ।

५. शिलबन्दी दरभाउपत्र स्वीकृत भईसकेपछी सम्झौता गर्न आउँदा कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंकबाट जमानत पत्र वा कार्यसम्पादन जमानत (Performance Guarantee) माथि उल्लिखित धरौटि खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्दछ ।

६. दरभाउपत्रदाताले कबोल गरेका दर परिवर्तन गर्ने सम्बन्धमा कुनै शर्त राख्न पाउने छैन ।

७. जस्तापाता खरिदमा नियमानुसार लाग्ने करहरु दरभाउपत्रदाता स्वयमले ब्यहोर्नु पर्नेछ ।

८. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद, २०६३ र नियमावली,२०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

९. दरभाउपत्र स्वीकृत गर्ने,नगर्ने आंसिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ

१०.थप अन्य कुरा बुझ्नु परेमा कार्यालयको वेव पेज www.bhotkholamun.gov.np मा हेर्न र ९८५२०८६५३० मा सम्पर्क गर्न सकिनेछ ।

११. कामको गुणस्तर स्वीकृत स्पेशिफिकेशन अनुसार हुनुपर्नेछ ।शिलबन्दी दरभाउपत्रदाताले सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझि दररेट भरेको मानिनेछ ।

**१२. शिलबन्दी दरभाउपत्र सम्बन्धी कामको बिस्तृत विवरण**

| सूचना नं. | कामको विवरण | ल.ई.रकम(मु.अ.कर सहित) | धरौटी रकम | फाराम दस्तुर |
|---|---|---|---|---|
| ०१/२०८१-०८२ | Supply of Plain CGI Sheet Heavy 26 g 0.41mm and 65 kg 9'×2.6" (११२.५ बण्डल) नटबोल्ट, वासर तथा मगरा सहित | रु.१६५०००० ।- (अक्षरुपी सोह्र लाख पचास हजार रुपैया मात्र) | कबोल अंकको २.५ प्रतिशत हुन आउने रु. | रु. १०००।- |

प्रमुख प्रशासकिय अधिकृत

व्यवसायिक तथा सृजनशिल प्रशासन : विकास,समृद्धि र सुशासन

Professional and Creative Administration : Development, Prosperity and Good governance

इमेलः bhotkholamun@gmail.com,वेवसाईट :www.bhotkholamun.gov.np contact:9852086530

**शर्तहरु**

१. शिलबन्दी दरभाउपत्र स्वीकृत भईसकेपछी सम्झौता गर्न आउँदा कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंकबाट जमानत पत्र वा कार्यसम्पादन जमानत (Perfomance Gurantee) माथि उल्लिखित धरौटि खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्दछ ।

२. कार्यादेश दिएको १ महिना भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

३. प्रस्तावित कवोल इकाई मूल्य अंक र अक्षर दुवैमा अनिवार्य रुपमा उल्लेख हुनु पर्ने छ । अंक र अक्षर उल्लेख गरिएको कवोल अंक फरक परेमा अक्षरमा उल्लेख गरिएको अंकलाई मान्यता दिइने छ । दरभाउ-पत्र फाराममा केरमेट भएको स्थानमा आधिकारिक दस्तखत र छाप अनिवार्य हुनुपर्ने छ ।

४. रित नपुगेको र म्याद नाघी आएको दरभाउ-पत्रलाई मान्यता दिइने छैन । दरभापउ-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउपालिका कार्यालयमा निहित रहनेछ ।

५. स्वीकृत दरभाउ-पत्र दाताले संभौता गर्न आउदा आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६. यस्तो Experience Letter (अनुभवको प्रमाणपत्र) मू.अ.क. दर्ता र हालसम्म आय विवरण पेश गरेको प्रमाण संलग्न गर्नु पर्नेछ ।

७. अन्य विषयको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

# भोटखोला गाउँपालिका
# गाउँकार्यापालिकाको कार्यालय
## हटिया संखुवासभा
# (जस्ता पाता खरिद सम्वन्धी)
# दरभाउ-पत्र फाराम

सूचना प्रकाशित मिति :- २०८१।१०।२८ गते

बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- सूचना प्रकाशित मितिले १५ दिन भित्र ।

बोलपत्र दाखिल गर्ने मिति :- सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० वजे सम्म ।

बोलपत्र खोल्ने मिति :- सूचना प्रकाशित भएको मितिले १६ ओं दिनको २.०० वजे ।

भोटखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

फुर्पु भोटे
प्रशासकीय अधिकृत

मूल्य रु. १०००/-

# भोटखोला गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

हटिया संखुवासभा

(जस्ता पाता खरिद सम्वन्धी)

<u>दरभाउ-पत्र फाराम</u>

मिति २०८१।१०।२८ गते प्रकाशित सूचना अनुसार त्यस कार्यालयलाई आवश्यक पर्ने जस्ता पाता खरिद गर्नका लागि सिलवन्दी दरभाउ-पत्र सम्वन्धमा संलग्न विवरणमा उल्लेख भए बमोजिम हाललाई रु. आई.एम्.ई.बैक भोटखोला शाखामा रहेको धरौटी भोटखोला खाता नं.१५००४०१००००००४ मा जम्मा गरेको सक्कल भौचर नं.................... यसै फाराम साथ संलग्न राखी नियमानुसार पेश गरेको छु।

| खरिद गर्ने विषयहरु | आर्थिक प्रस्ताव अंकमा | आर्थिक प्रस्ताव अक्षरमा | कैफियत |
|---|---|---|---|
| Supply of Plain CGI Sheet Heavy 26 g 0.41mm and 65 kg 9'×2.6" (११२.५ वण्डल नटबोल्ट वासर तथा मगरा सहित) | | | |

**<u>दरभाउ-पत्र पेश गर्ने परामर्शदाता दाताको</u>**

नाम:

फर्म वा कम्पनीको नाम:

ठेगाना:

टेलिफोन नम्वर:

प्रतिनिधिको दस्तखत:

फर्मको छाप

मिति ..........

**<u>कार्यालयको तफबाट</u>**

नाम:-फुर्पु भोटे

भोटखोला गाउँपालिका

हस्ताक्षर ................

कार्यालयको छाप

फुर्पु भोटे
प्रमुख प्रशासकीय अधिकृत

भोटखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हटिया, संखुवासभा
कोशी प्रदेश, नेपाल